**बैठक संख्या: १३**

आज मिति २०७५।०२।११गते बिहिबार विहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| पदाधिकारीहरु : | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | विल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | |
| कार्यपालिका सदस्य | समिना वेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | |
| सचिव | टेक प्रसाद भट्टराई | |

| अन्य कर्मचारी | | |
|---|---|---|
| ईन्जिनियर | मोहर लाल महतो | |
| ना. सु. (प्रशासन) [illegible] प्र. आचार्य | | |

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
२ नं. प्रदेश, नेपाल

**प्रस्तावहरु :**

प्रस्ताव नं १ नाढ़ीताल ठेक्काको किस्ता हेरफेर सम्बन्धमा
प्रस्ताव नं २ गणतन्त्र दिबश भव्यताको साथ मनाउने सम्बन्धमा
प्रस्ताव नं ३ संस्था छनौट गरि कार्यक्रम संचालन रकम स्वीकृत सम्बन्धमा
प्रस्ताव नं ४ स्वाश्थ्य चौकी निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा
प्रस्ताव नं ५ सरकारी, ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण समितिको प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा
प्रस्ताव नं ६ निजि स्रोत अन्तर्गतको साबिकदेखि खटि आएको शिक्षकको तलब भुक्तानी सम्बन्धमा
प्रस्ताव नं ७ मर्मत सम्भार सिफारिस समिति गठन गर्ने सम्बन्धमा
प्रस्ताव नं ८ धार्मिक मठमन्दिरमा सोलार जडान खर्च भुक्तानी दिने सम्बन्धमा
प्रस्ताव नं ९ सरकारी , ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण समितिको म्याद थप सम्बन्धि
प्रस्ताव नं १० जनता आवास कार्यक्रम माग गर्ने सम्बन्धमा
प्रस्ताव नं ११ सोलार जडान सम्बन्धि बजेट बाडफाड सम्बन्धमा

## निर्णयहरु

**निर्णय नं १** प्रस्ताव नं १ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिका अन्तर्गतको नाढ़ीताल पोखरी(माछासमेत) ठेक्काको सन्दर्भमा ठेकेदार फर्म श्री रबि मत्स्यपालन उधोगले पहिलो बार्षिक किस्ता रकममध्ये रु.६५,००,०००\- (अक्षेरुपी रुपैया पैसठ्ठी लाख मात्र) दाखिला गरि यहि मिति २०७५\०१\०६ गते यस चन्द्रनगर गाउँपालिकासंग ठेक्का सम्झौता भएको र बाँकि रकम यहि जेष्ट १५ गते भित्र बुझाउनको लागि कठिनाई भएको हुँदा ठेक्का सम्झौता भएको मितिले एक वर्षा ननाघ्ने गरि कम्तिमा छ\छ महिनाको किस्ता तोकिदिनु हुन भनि निबेदन पेश गरेको र चन्द्रनगर गाउँपालिकाको बिशेष गाउँ सभाको मिति २०७५\१\२० गतेको बैठकको निर्णय नं ५ मा " नाढ़ीताल (पोखरी माछासमेत) ठेक्काको बार्षिक किस्ता रकमको हकमा बोलपत्र सूचना\ सम्झौतापत्रमा जेसुकै उल्लेख भएको भएपनि ठेकेदार पक्षको समेत सहमतिमा ठेक्का सम्झौता भएको मितिले एक बर्ष नबढ्ने गरि छ\छ महिनाको किस्ता कायम गरि किस्ता बुझाउने म्याद तोक्ने अधिकार चन्द्रनगर गाउँ कार्यपालिका लाई प्रत्यायोजन गर्ने सर्बसम्मत निर्णय गरियो " भनि निर्णय भएको हुँदा नाढ़ीताल ठेक्काको पहिलो बार्षिक किस्तामध्ये बाकि किस्ता रकम मिति २०७५\०६\३० गते सम्म दाखिला गर्ने गरि किस्ता समय हेरफेर गर्ने सर्बसम्मत निर्णय गरियो |

**निर्णय नं २** प्रस्ताव नं २ माथि छलफल गर्दा यहि जेष्ठ १५ गते ११ औं गणतन्त्र दिबश भव्यताको साथ मनाउने निर्णय गरियो | र सो समारोहको लागि आवाश्यक व्यवश्थापनको लागि प्रथम गाउँ सभाबाट चालु कार्यक्रम खर्च शिर्षक अन्तर्गत गाउँपालिका स्थापाना दिबश,अन्य दिबश समारोह शिर्षकमा विनियोजित बजेट सिमाभित्र रही गाउँसभाबाट स्वीकृत खर्चको नर्म्स नबढ्ने गरि कार्यक्रम स्वीकृत गर्ने अधिकार गाउँपालिकाको अध्यक्षलाई प्रत्यायोजन गर्ने सर्बसम्मत निर्णय गरियो |

**निर्णय नं ३** प्रस्ताव नं ३ माथि छलफल गर्दा चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट स्वीकृत विभिन्न तालिम,अन्तरक्रिया तथा क्षमता विकास लक्षित कार्यक्रमहरु संचालनको मिति २०७५\०१\२० गते बसेको बिशेष गाउँ सभाको निर्णय नं १३ बमोजिम रु.५ (पाँच) लाख सम्मको कार्यक्रमहरु सोझै बार्ता बाट यस कार्यालयमा सुचिकृत संस्थाहरु छनौट गरि कार्यक्रम संचालन गर्ने निर्णय भए अनुरुप सार्बजानिक खरिद नियामावालिको नियम (९९) बमोजिमको प्रक्रिया पुरा गरि सार्बजानिक सुचना प्रकाशन गर्दा नियमानुसार प्रस्ताब दर्ता गर्ने संस्थाहरु मध्ये एक भन्दा बढी गैससहरुले प्रस्ताब पेश गरेको कार्यक्रम\तालिमहरुको हकमा पेश भएका प्रस्ताबहरुको यस बैठकले सामुहिक मुल्यांकन गर्दा तपशिल बमोजिमको कार्यक्रमहरु संचालन गर्नको लागि तपशिल बमोजिमको गैससहरु छनौट गरि प्रथम गाउँ सभाबाट स्वीकृत खर्चको नर्म्स नबढ्ने गरि गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत प्रस्ताब तथा TOR बमोजिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो:

| सि.नं. | योजना\कार्यक्रम | छनौट भएको संस्था | स्वीकृत रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | प्रजनन स्वाश्थ्य सचेतना तालिम | जिल्ला युवा संजाल ,मलंगवा ,सर्लाही | २,००,०००\- | २ वटा प्रस्ताब दर्ता |

महेन्द्र महतो
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २. | बाँसबाट बन्ने घरेलु सामग्री (मुढा) तालिम | उज्यालो भविष्य युवा समाज नेपाल , मलंगवा, सर्लाही | ३,००,०००\- | ३ वटा प्रस्ताब दर्ता |
| ३. | महिलाहरुलाई लटही चुरा तालिम | श्री शिवशक्ति नारि उत्थान केन्द्र, बबरगंज -२,सर्लाही | २,५०,०००\- | एउटा मात्र प्रस्ताब दर्ता |
| ४. | अपाङ्गता भएका व्यक्तिहरु लाई खेलौना (गुडिया) बनाउने तालिम | अपाङ्ग सेवा समिति, मलंगवा,सर्लाही | ३,००,०००\- | एउटा मात्र प्रस्ताब दर्ता |
| ५. | बालबिवाह बिरुद्धको अभियान | ग्रामिण बिकास सेवा केन्द्र , चन्द्रनगर | १,३४,०००\- | ३ वटा प्रस्ताब दर्ता |
| ६. | महिलाहरुको लागि अनौपचारिक शिक्षा कार्यक्रम | समाज कल्याण तथा अनुसन्धान केन्द्र नेपाल ,महेन्द्रनगर , धनुषा | २,४७,०००\- | २ वटा प्रस्ताब दर्ता |

अन्य प्रस्ताब दर्ता नभएका कार्यक्रमको हकमा गाउँपालिकाको कर्मचारीले पेश्की लिई वा लाभग्राही समुदायबाट कार्यक्रम संचालन गर्ने सर्बसम्मत निर्णय गरियो।

<u>निर्णय नं ४</u> प्रस्ताब नं ४ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको वडा नं १ किशनपुर मा स्वाश्थ्य चौकी भवन अति आवश्यक भएको हुँदा गुणस्तरीय स्वाश्थ्य सेवा प्रवाहको लागि नयाँ भवन निर्माणको गर्न आवश्यक ७(सात) कठ्ठा सार्बजानिक जग्गा यस गाउँपालिकाले उपलब्ध गराउने प्रतिबद्धता जाएर गरि प्रदेश नं २ को सामाजिक बिकास मन्त्रालयलाई स्वाश्थ्य चौकी भवन निर्माणको लागि आवश्यक बजेट बिनियोजन गरिदिन लेखि पठाउने सर्बसम्मत निर्णय गरियो।

<u>निर्णय नं ५</u> प्रस्ताब नं ५ माथि छलफल गर्दा यस गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७४\ ११\०३ गतेको बैठकको निर्णयबाट गठित सरकारी,ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण समितिले आफ्नो कार्य सम्पन्न गरि चन्द्रनगर गाउँपालिकाको कार्यालयमा मिति २०७५\१\७ गते पेश गरेको पहिलो प्रारम्भिक प्रतिबेदन र मिति २०७५\२\७ गते पेश गरेको दोस्रो तथा अन्तिम प्रतिबेदन अध्ययन गर्दा चन्द्रनगर गाउँ कार्यपालिकाबाट स्वीकृत सरकारी, ऐलानी तथा पर्ती जग्गा संरक्षण समितिको कार्य संचालन निर्देशिका, २०७४ बमोजिमको सम्पूर्ण प्रक्रिया पुरा गरि समितिले हालसम्म यस चन्द्रनगर गाउँपालिका भित्रको अतिक्रमित ज. बि. ४५-०६-०४ क्षेत्रफल सरकारी , ऐलानी तथा पर्ती जग्गा फेला पारेको देखिएको हुँदा सो प्रतिबेदन स्वीकृत गरि उक्त सरकारी, ऐलानी तथा पर्ती जग्गाको तत्काल संरक्षण (आली,डिल तथा घेरबेरा आदि) गर्ने सर्बसम्मत निर्णय गरियो।

<u>निर्णय नं ६</u> प्रस्ताब नं ६ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको वडा नं ५ मोहनपुर स्थित श्री अरनिको जनता नि.मा.बि. का शिक्षक श्री गौतम राउत साबिक देखि नै निजि स्रोतबाट तलब भत्ता पाउने गरि निरन्तर रुपमा खटि आएको तर यस आर्थिक बर्षको साउन महिना देखि नै निजको तलब भत्ता निकासा नभएको हुँदा निजको तलब भत्ता ब्यश्थापन गरिदिनु हुन भनि बिधालयबाट पत्रसहितको फाईल प्राप्त भएको हुँदा सो फाईलको अध्ययन गर्दा निजलाई साबिक देखि गाविसले निजि स्रोतबाट तलब भुक्तानी गरेको देखिएको हुँदा हाल साबिकको गाबिस गाउँपालिकामा परिणत भई सकेको र गाउँपालिकामा निजि स्रोत शिक्षकको तलब प्रयोजनको लागि छुट्टै बजेट नरहेको हुँदा सम्बन्धित बिधालयको निजि स्रोतबाट नै निजको तलब भुक्तानी गर्न श्री अरनिको जनता नि.मा. बि. लाई निर्देशन गर्ने सर्बसम्मत निर्णय गरियो।

<u>निर्णय नं ७</u> प्रस्ताब नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यबिधि बनि नसकेको हुँदा सो कार्यविधि नबन्दा सम्म यस गाउँपालिकाको प्रथम गाउँ सभाबाट स्वीकृत मर्मत सम्भार कोष शिर्षकमा विनियोजित रकममध्ये हालसम्म खर्च भएको तथा कार्यपालिकाको निर्णयबाट रकमान्तर भई मर्मत सम्भार कोष शिर्षकमा बाकि रकम यस गाउँपालिका भित्रका सबै वडाका सडक, पुल, सार्बजनिक भवन आदि मर्मतको लागि वडा कार्यालयबाट मर्मतको लागि माग संकलन गरि पेश भएको मर्मत सम्बन्धि मागहरुको स्थलगत निरीक्षण गरि आवश्यकता र औचित्यको आधारमा मर्मत कार्य गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्नको लागि तपशिल बमोजिमको सिफारिस समिति गठन गर्ने सर्बसम्मत निर्णय गरियो:

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
२ नं. प्रदेश, नेपाल

अध्यक्ष - श्री महेन्द्र महतो ( गा.पा. अध्यक्ष )
सदस्य - श्रीमति बिना देबी साह (गा.पा. उपाध्यक्ष)
सदस्य - श्रीमती पति देबी माझि( कार्यपालिका सदस्य)
सदस्य - श्री ईस्लाम मन्सुर ( कार्यपालिका सदस्य)
सदस्य - श्रीमती लिलिया देबी ( कार्यपालिका सदस्य)
सदस्य - श्री टेक प्रसाद भट्टराई ( प्र.प्र.अ.)
सदस्य सचिब - मोहरलाल महतो (ईन्जिनियर )

**निर्णय नं ८** प्रस्ताब नं ८ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्रका सम्पर्ण धार्मिक मठ मन्दिर हरुमा यस क्षेत्रका प्रदेश सभा सांसद माननीय उपेन्द्र महतोको ब्यक्तिगत पहलमा २० वाट क्षमताको सोलार बत्ति जडान भएको तर यस गाउँपालिकासंग वा अरु कुनै सरकारी निकायसंग सोलार सप्लायर्सको सम्झौता भएको नदेखिदा हाललाई नेपाल सरकारको Renewable energy subsidy policy,2073 र Renewable energy delivery mechanism ,2073 अनुसार Household\Domestic application of solar system को लागि बैकल्पिक उर्जा प्रबर्धन केन्द्रले दिने ८०% अनुदान रकम कटाएर सम्बन्धित धार्मिक संस्थाले ब्यहोर्नु पर्ने २०% लागत सहभागिता बराबर रकम नबढ्ने गरि प्रति धार्मिक संस्था सोलार बत्ति जडान खर्च बापत बढीमा रु.२०००\-(अक्षेरुपी रुपैया दुई हजार मात्र) प्रथम गाउँ सभा ले विनियोजित चालु खर्च अन्तर्गत संचालन तथा मर्मत शिर्षक बाट खर्च लेख्ने गरि सोझै जडानकर्ता लाई भुक्तानी दिने सर्बसम्मत निर्णय गरियो।

**निर्णय नं ९** प्रस्ताब नं ९ माथि छलफल गर्दा चन्द्रनगर गाउँ कार्यपालिकाको मिति २०७४\११\०३ गतेको बैठक को निर्णय बाट गठित सरकारी,ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण समितिको कार्यावधि(म्याद) २०७५ साल असार मसान्त सम्मलाई थप गर्ने सर्बसम्मत निर्णय गरियो।

**निर्णय नं १०** प्रस्ताब नं १० माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं६ र ७ मा पर्ने नाढ़ीताल परिसरमा बिगत देखि बस्दै आएका ४० घर दलित परिवार लाई उक्त स्थान बाट स्थानान्तरण गरि नाढ़ीताल संरक्षण गरि पर्यटकीय क्षेत्रको रुपमा बिकास गर्नु पर्ने भएको हुँदा गाउँपालिकाले उपलब्ध गराएको सार्बजानिक जमिनमा बस्ति स्थानान्तरण गर्नको लागि भवन निर्मण कार्यको लागि आवास्यक बजेट ब्यवस्थापन गरि अति बिपन्न ४० घर दलित परिवारको घर निर्माणको लागि संघीय सरकारको शहरी बिकास मत्रालयबाट संचालित जनता आवास कार्यक्रम माग गर्ने सर्बसम्मत निर्णय गरियो।

**निर्णय नं ११** प्रस्ताब नं ११ माथि छलफल गर्दा प्रथम गाउँ सभा बाट कन्टेनजेंसी अन्तर्गत सोलार जडान शिर्षकमा विनियोजित रु.१०,००,०००\-( अक्षेरुपी रुपैया दश लाख मात्र) बजेट रकाम लाई तपशिल बमोजिम बाडफाड गरि कोटेशन मार्फत सोलार खरिद गरि तत्काल वडा कार्यालयहरुमा सोलार जडान गर्ने सर्बसम्मत निर्णय गरियो।

तपशिल

| सि.नं. | योजना\कार्यक्रमको नाम | विनियोजित बजेट (रु.) | कैफियत |
|---|---|---|---|
| १. | वडा नं ३ र ४ को वडा कार्यालयमा सोलार जडान | ५,००,०००\- | कोटेशन मार्फत तत्काल खरिद गर्ने |
| २. | वडा नं ६ र ७ को वडा कार्यालयमा सोलार जडान | ५,००,०००\- | कोटेशन मार्फत तत्काल खरिद गर्ने |

महेन्द्र महतो
गाउँपालिका अध्यक्ष

निर्णय नं १ देखि ११ सम्मका सबै निर्णयहरुमा सहमति जनाउने गाउँ कार्यपालिका पदाधिकारीहरुको नाम, पद र दस्तखत

| | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | विल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | |
| कार्यपालिका सदस्य | समिना वेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | |